महाधिवेशन मिति विवादमा कांग्रेस

संस्थापन र इतर पक्ष गुटगत भेलामा

राधा खनाल | *काठमाडौं*

- गगन थापा, विश्वप्रकाश शर्मा र शेखर कोइराला पक्षले विशेष चुनावअघि नै महाधिवेशनको माग गर्दैछन्।
- संस्थापन पक्ष (शेरबहादुर देउवा समूह) भने चुनापछि मात्र महाधिवेशन गर्ने पक्षमा।
- ५४% प्रतिनिधिको विशेष महाधिवेशन माग, पार्टी नेतृत्वमाथि दबाब तीव्र।

कांग्रेसको केन्द्रीय कमिटी बैठक चल्न थालेको करिब एक महिना भयो। पार्टीको महाधिवेशन निर्वाचन अगाडि गर्ने कि पछाडि भन्ने विवादले केन्द्रीय कमिटी बैठक लम्बिदै गएको छ। महामन्त्री गगन थापा, विश्वप्रकाश शर्मा, डा. शेखर कोइरालाहरू चुनाव अघि सके नियमित, नभए विशेष महाधिवेशन गर्नुपर्ने पक्षमा छन।

महामन्त्री थापाले त पुस १६ देखि १९ गतेसम्म १५ औं महाधिवेशन गर्न केन्द्रीय समितिमा कार्यतालिका नै पेस गरेका छन। तर, संस्थापन पक्ष भने चुनाव छ मात्रै महाधिवेशनको पक्षमा छ। महाधिवेशनको मिति विवाद बढ्दै गएपछि संस्थापन र इतर पक्षले आफू पक्षीय गुटगत भेलालाई तीव्रता दिन थालेका छन्।

महामन्त्री थापाले केन्द्रीय समिति बैठकमा छलफल गर्न भन्दै १० एजेन्डा राखेका थिए। यद्यपि बैठकको छलफल भने फागुन २१ गतेअघि महाधिवेशन गर्ने वा चुनावपछि गर्ने भन्नेमै केन्द्रित छ। केन्द्रीय समिति बैठकमा केन्द्रीय सदस्यहरूले आक्रमक रूपमा धारणा पनि राख्न थालेका छन्। यद्यपि बैठकमा कांग्रेसका दुई गुट संस्थापन पक्ष र इतर पक्षले आआफ्ना अडान भने छोडेका छैनन्। दुवै पक्षले हरेक दिन छुट्टाछुट्टै गुटका भेला राख्दै आएका छन्। संस्थापन सभापति शेरबहादुर देउवानिकट कतिपय नेताहरूले वैशाखमा महाधिवेशन उचित हुने भन्ने तर्क राख्दै आएका छन। भने इतर पक्षले निर्वाचन अघि नियमित गरिनुपर्ने यदि नियमित गर्न सकिएन भने मात्र विशेष गरिनुपर्ने तर्क राख्दै आएका छन्।

कांग्रेसमा विशेष महाधिवेशन माग गर्दै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले असोज २९ गते हस्ताक्षर पनि बुझाएका थिए। उनीहरूले विशेष महाधिवेशन प्रक्रिया थाल्न अर्कोतिर चर्को दबाब दिएका छन्।

बिहीबारको बैठकमा बोल्दै कांग्रेसका नेता अर्जुननरसिंह केसीले छोटो समयको तयारीमा पनि महाधिवेशन गर्न सकिने बताएका छन्। संस्थापन पक्षका कतिपय नेताले समय अभावले चुनाव अघि महाधिवेशन गर्न नसकिरहेको बताइरहेको बेला केसीले विगतको उदाहरणसमेत पेस गरेका थिए। नियमित अधिवेशनको माग गर्दै नेता केसीले भने, '११ औं महाधिवेशन, मात्र ४० दिनको तयारीमा सुम्पन्न भएको हामीकहाँ उदाहरण छ। असाधारण परिस्थितिमा महाधिवेशन हुन सक्दैन भन्ने बहाना निरर्थक छ।'

त्यसबेलाको समय स्मरण गर्दै नेता केसीले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बुक गरिए पनि तत्कालीन शाही सत्ताले उक्त स्थल उपलब्ध नगराएको बताए। उद्घाटन जावलाखेलस्थित चिडियाखाना अगाडिको मैदानमा र बन्द सत्रहरू केन्द्रीय कार्यालय सानेपाको प्रांगणमा भएको जानकारी गराए।

पार्टी यथास्थितिमा राखेर निर्वाचनमा जानु घातक हुने उनले बताए। महामन्त्री गगन थापाले ल्याएको प्रस्तावअनुसार नियमित महाधिवेशन नगर्ने हो विशेषमा जानुपर्ने उल्लेख गरे।

केसीले भने, "५४ प्रतिशत सदस्यको विशेष महाधिवेशनको सामूहिक मागलाई न्यायोचित सम्बोधन गर्नु केन्द्रीय कार्यसमितिको अनिवार्य वैधानिक दायित्व हो। महाधिवेशनको समयावधि सिद्धियो भन्ने कुरा पनि सुनिन्छ। त्यसबाट निर्वाचित यो केन्द्रीय कार्यसमिति कुन आधारमा जीवित छ? अर्को महाधिवेशन नहुञ्जेलसम्म यो जीवित रहन्छ भन्ने हेक्का राख्नु जरुरी छ। आगामी चुनावको बारेमा र मुलुकको पेचिलो परिस्थितिमा कांग्रेसको अबको मार्गचित्र सार्वजनिक गर्न पार्टीको नियमित वा विशेष महाधिवेशनको अनिवार्य आवश्यकता छ।'

केन्द्रीय सदस्य नेता एनपी साउदले फागुनमा चुनाव हुने सुनिश्चित भए वैशाखमा नै १५ औं महाधिवेशन गर्न उपयुक्त हुने बताएका छन्। चुनावको मिति सरेर वैशाखमा हुने अवस्था बन्यो भने फागुनमा महाधिवेशन गर्ने विकल्प अघि सारेका छन्। 'निर्वाचनभन्दा अगाडि वा पछाडि महाधिवेशन गर्नुपर्नेभन्दा पनि फागुनमा निर्वाचन हुने सुनिश्चित भयो भने वैशाख र वैशाखमा निर्वाचन हुने भयो भने फागुनमै महाधिवेशन गर्न उपयुक्त हुन्छ।'

मंसिरको समयसीमा भित्र अधिवेशन गर्न सक्ने तयारी र अवस्था नभएको बताउँदै साउदले भने, 'फागुन २१ गते निर्वाचन तोकिएको छ। हाम्रो पार्टीले निर्वाचनमा जान्छौं भन्ने मौखिक प्रतिबद्धता गरे पनि केन्द्रीय समितिले आजको दिनसम्म ठोस निर्णयको रूपमा त्यसलाई अंगिकार गरिसकेको छैन।'

महाधिवेशन जहिले भए पनि चुनाव र महाधिवेशन दुवै विषयमा पार्टीका सम्पूर्ण संरचना चलायमान हुनुपर्ने बताए। साउदले साढे ८ लाख बढी संख्यामा रहेका क्रियाशील सदस्यता नवीकरण हुनुपर्ने र पार्टीमा घट्दै गएको युवा सहभागितालाई नयाँ क्रियाशील सदस्यता वितरण र विस्तार गर्दै अगाडि बढ्नुपर्ने विचार राखे।

उनले जेन-जी आन्दोलन भएका विश्वका उदाहरणसमेत बैठकमा जानकारी गराएका थिए।

जेन-जी आन्दोलन भएर सरकार परिवर्तन भएको तर संस्थागत हुन नसकेको भन्दै अगाडि भने, 'बंगलादेश सरकारको पतनपछि अतिवादी धार्मिक शक्तिहरू पुनरोदयको क्रममा छन् र त्यहा जेन-जीहरू हराएका छन्। श्रीलंकामा एकहप्ते जेन-जी विद्रोहपछि सत्ता परिवर्तन भयो। निर्वाचन भयो र वामपन्थी झुकाव राख्ने नयाँ सरकार निर्माणपछि जेन-जीहरूको आन्दोलन ठुंगिएको छ।' थप देशको उदाहरण दिंदै साउदले भने, 'मेडागास्करमा जेन-जी आन्दोलनपछि एक जना कर्णेलले सत्ता नियन्त्रणमा लिएका छन्। इस्ट- टिमोरमा सुरु भएको जेन-जी आन्दोलन कुने परिणाम नदिएर निस्तेज भएको छ। इन्डानेसिया, फिलिपिन्समा जेन-जी आन्दोलन अहिले पनि संघर्षकै चरणमा छन्। विश्वमा जेन-जीहरूले आफ्नो आन्दोलन पछि संस्थागत भएर राज्य संरचना सञ्चालन गरेको अनुभव कतै देखिँदैन।'

जेन-जी आन्दोलनले कांग्रेसलाई युवासम्म जाने, उनीहरूको मुद्दाहरू सम्बोधन गर्ने र सहभागितालाई पार्टीका तह र तप्कामा सुनिश्चित गर्न अवसर प्रदान गरेको बताए। कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महरले पार्टीमा 'कुलिङ पिरियड' को अवधारणालाई लागू गर्न प्रस्ताव गरेका छन्। एउटै व्यक्तिले लामो समयदेखि अवसर पाइराख्ने प्रवृत्ति अन्त्य गर्न कुलिङ पिरियडको अवधारणामा पार्टी जानुपर्ने बताए।

३ पटक सांसद र केन्द्रीय समितिमा रहेका, दुईपटक मन्त्री भएका, ७० वर्ष उमेर पुगेका र अवसर पाएर सार्वजनिक जीवनमा प्रश्न उठेका, गठबन्धनबारे निर्णय गर्ने, संसदीय बोर्डमा रहेर टिकट वितरण गर्ने, संयन्त्र र सरकारमा संलग्न नेताहरूले एक पटक कुलिङमा बस्नुपर्ने उनको भनाइ छ।

उनले पार्टीको हरेक तहमा ३३ प्रतिशत बढी युवा प्रतिनिधित्व सुनिश्चित गर्ने गरी बैठकले निर्णय गर्नुपर्ने बताए। कांग्रेसका केन्द्रीय सदस्य अमृत अर्यालले नेता कृष्णप्रसाद सिटौलाको अभिव्यक्तिप्रति असन्तुष्टि जनाए।

विशेष महाधिवेशनको पक्षमा गरिएको हस्ताक्षरप्रति प्रश्न उठाएको भन्दै आपत्ति जनाउँदै भने, 'कृष्ण दाइले पार्टीमा राम्रो भूमिका खेल्दै आउनुभएको छ। तर, विशेष अधिवेशनका लागि जुन सिग्नेचर क्याम्पेनिङ पनि भइरहेको छ। त्यो गलत हो, हुनुहुँदैन। त्यो हस्ताक्षर कसरी गरेर ल्याएका छन् भन्नुभयो। उहाँले यस्तो बोल्दा मलाई दुःख लागेको छ।'

पार्टीलाई एकताबद्ध गरेर निर्णय गर्नुपर्नेमा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरलाई अस्वीकार गर्ने छुट कसैमा नभएको बताए। उनले बैठकमा थपे, 'उहाँ जातिको मान्छेले यसरी बोल्न हुँदैनथ्यो। यही महाधिवेशन प्रतिनिधिले शेरबहादुर दाइलाई ६० प्रतिशत मत दिएर जिताएको थियौं। यही प्रतिनिधिहरूबाट पूर्णबहादुर दाइ पनि जितेर आउनुभएको हो। अहिले यही प्रतिनिधिले सिग्नेचर क्याम्पेनिङ गर्दा असत्य हुने ५४ प्रतिशतले गरेको हस्ताक्षर स्वीकार्य हुन्न भन्न पाइन्छ। यो समस्याको समाधान खोज्न पर्छ कि पर्दैन।'

फार्मेसी बन्द गरी बिरामीको उपचारमा लापरबाही

रत्नप्रसाद आचार्य | *सुनसरी*

सुनसरीको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले अनिवार्य सञ्चालन गर्नुपर्ने फार्मेसी बन्द गरेर बिरामीको उपचारमा चरम लापरबाही गरिरहेको छ। फार्मेसी बन्द हुँदा बिरामीको शल्यक्रिया गर्न र आकस्मिक उपचारमा गम्भीर समस्या भएको छ। तर, प्रतिष्ठान व्यवस्थापनले यसको समस्या समाधान गर्न कुनै चासो नदिएको स्थानीयको गुनासो छ।

बीपी प्रतिष्ठानमा औषधि घोटालासहितका आर्थिक अनियमितता उजागर भएपछि प्रतिष्ठान विवादमा तानिएको छ। प्रतिष्ठानमा सञ्चालन हुँदै आएको अस्पताल फार्मेसीमा करिब ५० लाख रुपैयाँबराबरको औषधि घोटाला गरिएको छ। औषधिमा आर्थिक अनियमितता भएपछि प्रतिष्ठानले सञ्चालन गर्दै गरेको फार्मेसी ६ महिनादेखि पूर्ण रूपमा बन्द भएको छ।

प्रतिष्ठानको फार्मेसीबाट ५० लाख मूल्यको औषधि बेपत्ता भएपछि हाङजोर्नी विभागका एडिसनल प्रोफेसर डा. विष्णु पोखरेलको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो। समितिलाई २५ दिनभित्र प्रतिवेदन बुझाउने म्याद दिइए पनि उक्त म्याद सकिए पनि अहिलेसम्म प्रतिवेदन बुझाइएको छैन।

औषधि घोटालाको विषय बाहिरिएपछि प्रतिष्ठानले दोषीलाई कार्बाही गर्नुको साटो फार्मेसीको औषधि बिक्री बन्द गरेर बिरामीले पाउने सुविधा वञ्चित गरी बिरामीको उपचारमा खेलबाड गरेको कांग्रेस महाधिवेशन प्रतिनिधि रवि राईले बताएका छन्। उनले फार्मेसी बन्द गर्दा स्वास्थ्य बिमा गरेका बिरामीहरूले निःशुल्क औषधि पाउन नसकेको, आकस्मिक कक्षमा आएका अति सिकिस्त बिरामीदेखि वार्डमा भर्ना भएका बिरामीहरूसमेत बाहिरी मेडिकलबाट महँगो मूल्यमा औषधि किन्न बाध्य बनाई बिरामीको जीवनसँग खेलबाड गरेको आरोप लगाए।

प्रतिष्ठानको रेडियोलोजी विभागमा पनि सेवा अव्यवस्थित रहेको बिरामीहरूले गुनासो गरेका छन्। एक्स-रे, भिडियो एक्स-रे, सिटी स्क्यान र एमआरआई गर्न महिनौं पर्खनुपर्ने अवस्था छ। धरान-११ का मातृका खनालका अनुसार, अत्यन्त सिकिस्त बिरामी र गर्भवती महिलालाई पनि महिनौंपछि आउनु भनेर फर्काइन्छ। यस्तो लापरबाहीले बिरामीको जीवन जोखिममा पारिरहेको छ।

रेडियोलोजी सेवामा यस्तो ढिलाइका कारण अप्रेसनका लागि तयारी अवस्थामा रहेका बिरामीहरू समेत उपचारबाट वञ्चित भइरहेका छन्। प्रतिष्ठानका एक चिकित्सकले उपकरण पुराना भएका र मर्मतसम्भारमा ढिलाइ भएका कारण सेवा सुचारु गर्न कठिनाइ भइरहेको बताए।

छानबिन समितिका संयोजक डा. विष्णु पोखरेलले चाडपर्वका कारण छानबिनमा ढिलाइ भएको बताए। उनले समितिको म्याद थप्नका लागि प्रतिष्ठान व्यवस्थापनसँग अनुरोध गरिएको जानकारी दिए। 'छानबिन अन्तिम चरणमा पुगेको छ, तर केही कागजात अभावमा ढिलाइ भएको हो', पोखरेलले भने।

प्रतिष्ठानका डेपुटी निर्देशक इन्द्र लिम्बूले भने फार्मेसी छिट्टै सञ्चालन गरिने बताए। उनले रेडियोलोजी विभागमा पनि नयाँ उपकरण खरिद प्रक्रिया सुरु भएको र सेवा नियमित गर्न प्रयास भइरहेको बताएका छन्।

अख्तियारमा उजुरी

प्रतिष्ठानमा भइरहेको आर्थिक अनियमितताबारे धरानवासीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि औपचारिक उजुरी दिएका छन। उजुरीमा फार्मेसीमा भएको ५० लाखभन्दा बढिको औषधि घोटालासँगै अन्य विभिन्न आर्थिक दुरुपयोगका बुँदा उल्लेख छन्।

उजुरीमा एमसीएच भवन निर्माणका क्रममा ८६ करोड रुपैयाँको स्वीकृत गरी २ अर्बभन्दा बढी खर्च गरिएको, सार्वजनिक खरिद नियम उल्लंघन गरी निर्माण अघि बढाइएको आरोप छ। त्यसरै, डेन्टल विभागका उपकरण खरिदमा व्यवसायी चेतन अग्रवालसँग मिलेमतो गरी टेन्डर प्रक्रियामा हेरफेर गरिएको उल्लेख गरिएको छ।

त्यसैगरी, मेडिसिन विभागका प्रमुख डा. रविन मास्केसहितका चिकित्सकहरूले प्रतिष्ठानको नियमविपरीत बाह्य क्लिनिक सञ्चालन गरेको उजुरीमा उल्लेख छ। प्रतिष्ठानको सेवाभित्र कार्यरत चिकित्सकले निजी क्लिनिक सञ्चालन गर्न नपाउने व्यवस्था रहे पनि उनीहरू धरानको बुद्धचोकमा बिरामी जाँच्ने कार्य गर्दै आएको बताइएको छ।

अख्तियारमा दर्ता गरिएको उजुरीमा भनिएको छ– बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उच्च पदस्थ अधिकारीहरूले कानुनी प्रक्रिया मिचेर पदको दुरुपयोग गरेका छन्। यसमा निष्पक्ष छानबिन गरी दोषीमाथि आवश्यक कानुनी कारबाही गर्न माग गरेका छन्।

नेता जनार्दन शर्मा वैकल्पिक शक्ति निर्माणमा जुटे

राजकरण महतो | *काठमाडौं*

वैकल्पिक राजनीतिक ध्रुवीकरण गर्न माओवादीबाट विद्रोह गरेका जनार्दन शर्मासहितमा नेताहरू अरू पार्टी र शक्तिहरूसँग छलफलमा जुटेका छन्। जेन-जी विद्रोहपछि बदलिँदो नेपाली राजनीति र त्यसको मर्मअनुसार समग्र राजनीतिको पुनर्गठनसहित छलफल प्रारम्भ भएको नेता सुदन किराँतीले बताए। नेता जनार्दन शर्मा, राम काकी, अञ्जना बिशुंखे, सुदन किराँती लगायतले तत्कालीन माओवादी संयोजक पुष्पकमल दाहाल (प्रचण्ड)सँग विद्रोह गर्दै प्रगतिशील अभियानको घोषणा गरेका थिए। माओवादी केन्द्रले एकीकृत समाजवादीसहित १० वाम घटकहरूसँग गरेको एकता प्रक्रियाबाट असन्तुष्ट बनेका नेता जनार्दन शर्मा समूहले विद्रोह गर्दै पार्टी छोडेका थिए। बुधबार १० वटा वाम घटकहरूबीच पार्टी एकता भएर नेपाली कम्युनिस्ट पार्टी गठन भएको थियो। जसमा संयोजक प्रचण्ड र सहसंयोजकमा माधवकुमार नेपाल चयन भएका थिए।

बलियो वैकल्पिक राजनीतिक शक्तिको निर्माणका लागि पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईको मध्यस्थतामा नयाँ/वैकल्पिक राजनीतिक दल, समूह र अभियन्ताहरूबीच बिहीबार काठमाडौंमा बैठक बसी गम्भीर छलफल भएको नेता किराँतीले जनाए। उनका अनुसार बैठकमा प्रगतिशील राष्ट्रिय अभियान, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल समाजवादी पार्टी र उज्यालो नेपाल अभियानका नेताहरू सहभागी थिए।

प्रगतिशील राष्ट्रिय अभियानका नेता सुदन किराँतीले प्रचण्डले गठन गरेको नेपाल कम्युनिस्ट पार्टीलाई वृद्धाश्रम रहेको बैठकमा बताए। ७० वर्ष उमेर पुरा भएका नेताहरूलाई नेपाली कम्युनिस्ट पार्टीको

बाबुराम बने मध्यस्थकर्ता, प्रचण्डको नेकपा वृद्धाश्रम

भन्डामुनि जम्मा गरेर प्रचण्डले वृद्धाश्रम खोलेको कडा टिप्पणी गरे। 'नेपालको कानुनअनुसार ७० वर्ष उमेर कटेकाहरूलाई सरकारले वृद्धभत्ता दिन्छ। प्रचण्डजीले गठन गर्नुभएका नेकपाको नेतृत्वमा सबै ७० वर्ष कटेका नेताहरू छन्', नेता किराँतीले टिप्पणी गर्दै भने, 'बुधबार भृकुटीमण्डपमा भेला राखेर प्रचण्डजीले वृद्धाश्रमको उद्घाटन गर्नुभयो। नयाँ कम्युनिस्टहरू मुकुण्डो उघ्रियो।' नेता किराँतीले क्रान्तिकारी शास्त्रीय जागरणको प्रयोग गर्नुको काम नरहेको बताए। 'कहिले कांग्रेससँग मिलेर त कहिले दरबारियासँग मिलेर सरकार बनाउनेहरूले अरूलाई गलत देख्ने?', प्रचण्डलाई लक्षित गर्दै नेता किराँतीले भने, 'कम्युनिस्ट पार्टीका नाममा वृद्धाश्रम खोल्नेहरूलाई लाज लाग्नुपर्ने हो। अब त कुरीकुरी भन्ने पर्ने भयो।'

क्रान्तिकारी र रूपान्तरण चाहने प्रगतिशील विचारका पार्टीहरूलाई एकता र मोर्चा बनाएर फोहोरी (पुराना पार्टीका नेताहरू)लाई चुनावमा हराउन तयारी गरिरहेको नेता किराँतीको भनाइ छ। 'विचार मिल्नेसँग एकता गर्ने, विचार नमिल्नेसँग सहकार्य गर्दै एनिहाउ फोहोरी हराऊ भन्ने अभियान चलाउँछौं', नवगठित नेकपाका नेताहरूलाई लक्षित गर्दै किराँतीले सो बैठकमा भने, 'सुन पुरानो भएपनि काम लाग्छ। तर, फोहोर काम लाग्दैन। पुराना नेताहरूले भ्रष्टाचारीलाई संरक्षण गरेका छन्।' जेन-जी आन्दोलनपछि देश रूपान्तरण हुने आशावादी भएका जनताहरूमा फेरि पुराना नेताहरू सक्रिय हुँदा निराशा पैदा हुँदै गएको उनले बताए।

LAHAN MUNICIPALITY
OFFICE OF MUNICIPALE EXECUTIVE
LAHAN, SIRAHA
MADHESH PROVINCE, NEPAL

INVITATION FOR BIDS

First Date of Publication: 2082/07/21 (November 7th 2025)

1. Lahan Municipality, Office of Municipal Executive Invites Open Competitive Bidding (Single-Stage-Single -Envelope) system from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:
2. Information regarding Pre-Bid Meeting, Last date of Submission, Date of Opening

S. N.	Contract ID	Project Description	Pre-Bid Meeting	Last date of Submission	Date of Opening	Bid Security Amount	Bid Validity Period	Bid Document Fee (NRs.)	Estimated Amount Without Vat and Contingency (NRs.)
1	LMUN/ W09/NCB/ 2082-83-10	Pcc Road Construction Works,Lahan-17 Md seraj house To West	28th November 2025 14:00 hours	7th December 2025 12:00 hours	7th December 2025 14:00 hours	NRS. 1,25,000.00	90	3000	43,09,508.83
1	LMUN/ W10/NCB/ 2082-83-11	Bituminous Road Construction Works, Lahan (Radha Krishna Temple southwards up to the old electricity office)	28th November 2025 14:00 hours	7th December 2025 12:00 hours	7th December 2025 14:00 hours	NRS. 2,00,000.00	90	3000	68,90,585.14

3. Bidder shall submit their bid electronically only and shall download the bidding documents for submission from PPMO's e-GP system ***www.bolpatra.gov.np/egp.*** Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below. **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nepal Bank Ltd, Lahan Branch.
   Name of Office : Lahan Municipality
   Office Code no. : 16-365-22
   Office Account no.: 03603000001001000001
   Rajaswa (revenue) Shirshak no. 14229
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours** on **7th Dec, 2025** at Lahan Municipality, Office of the Municipal Executive, Lahan (Siraha). Bids must be valid for a period of **90** days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. **mentioned above in the table for respective contract**, which shall be valid for **30** days beyond the validity period of the bid **90 days.**
5. Bid document fees all contracts shall be NRs. **3000.00. (Three thousand only)** each.
6. Bid Validity period/ Bid security Validity period of all above contracts shall be 90 days.
7. Bidder Can only bid electronically through the e-procurement section of PPMO 's website http://***www.bolpatra.gov.np/egp***.
8. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement (14th Amendment) Rules, 2082.
9. Any amendments in the IFB notice shall be published in the e-procurement section. 8. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
10. The **Lahan Municipal, Office of Municipal Executive** reserves the right, **at its sole discretion**, to reject, accept, or cancel any bid, whether in part or in full.

Chief Aministrative Officer

CamScanner